*प्रदेश सरकारबाट स्वीकृत मिति : २०७५/०२/२५*

# विपद् सम्बन्धी खोज, उद्धार तथा राहत मापदण्ड, २०७५

## आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ४, पोखरा, नेपाल

# विपद् सम्बन्धी खोज, उद्धार तथा राहत मापदण्ड, २०७५

## १. पृष्ठभूमि :

नेपालको प्रदेश नं. ४ भौगोलिक विविधतायुक्त तराईको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) देखि पहाडको कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, पर्वत, बागलुङ र म्याग्दी जिल्ला हुँदै मनाङ र मुस्ताङको हिमाली भागसम्म फैलिएको प्राकृतिक विपद्को उच्च जोखीम क्षेत्रमा अवस्थित प्रदेश हो ।

यस प्रदेशमा आईपर्न सक्ने प्राकृतिक एवं गैरप्राकृतिक विपद्लाई मध्यनजर गर्दै सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा २(घ) बमोजिम खोज, उद्धार र राहतलाई व्यवस्थित गर्न यो मापदण्ड बनाइएको छ ।

## २. उद्देश्य :

- जनतालाई समानरुपमा सरकारको अनुभूति महशुस हुने गरी यस प्रदेशका सबै जिल्लाको जोखिमयुक्त स्थानमा

हुनसक्ने प्राकृतिक एवं गैरप्राकृतिक विपद्लाई व्यवस्थापन गर्नु ।

- विपद्का बेला खोज, उद्धार र राहत वितरणलाई सर्वशुलभ, समान, न्यायोचित र व्यवस्थित गराउनु ।
- प्रदेशमा गरिने भौतिक पूर्वाधारको विकासलाई भौगोलिक क्षेत्रको जोखिम मूल्यांकन गरी व्यवस्थापन गर्ने परिपाटीको शुरुवात गर्नु ।
- विपद्का बखत स्वस्फूर्तरुपमा स्थानीय तहसम्म स्वयंसेवक परिचालित गर्नु ।
- विपद्का बखत सरोकारवाला सबै निकाय एवं जनसमुदायहरु स्वचालितरुपमा निस्वार्थभावबाट परिचालित हुने वातावरणको सृजना गर्नु ।

## ३. विपद् पूर्व तयारी व्यवस्थापन :

- प्रदेश विपद् व्यवस्थापन समितिले परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधीनमा रही प्रदेश भित्र आइपर्न सक्ने प्राकृतिक एवं गैरप्राकृतिक विपद्को जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् पूर्व तयारी गर्नुपर्ने व्यवस्थापन अन्तर्गत खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी जुनसुकै क्षेत्रमा प्रकोप आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुऱ्याउने व्यवस्था  मिलाउने । साथै खोज तथा उद्धार सामग्रीहरु केन्द्रको अलावा, प्रदेश, जिल्ला र

आवश्यकता अनुसार स्थानीय तहसम्ममा समेत भण्डारणको व्यवस्था गर्ने । जोखिममा परेका बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यक अध्ययन अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा स्रोत साधनको व्यवस्था गर्ने र यस्ता बस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रमको कार्यान्वयनको व्यवस्था गर्ने । प्रकोपको जोखिममा रहेका प्रदेश भित्रका क्षेत्रको जोखिम लेखाजोखा (Risk Assessment) तथा संकटासन्नता नक्शांकन (Hazard Mapping) को व्यवस्था गर्ने ।

- प्रदेश भित्र प्रकोपका प्रकृतिको स्थानीयस्तरमै पहिचान गरी सो बाट प्रभावितहरुको खोजी र उद्धार गर्ने कार्यका लागि दक्ष र तालिम प्राप्त जनशक्ति न्यूनतम १५ जना जुनसुकै बेला परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारी र स्थानीय तहमा रहेका विपद् व्यवस्थापन समितिले मिलाउने । तालीम प्राप्त जनशक्तिको साथै प्रकोपको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालिन खाद्यान्न एवं लत्ताकपडाको भण्डारणको व्यवस्था प्रदेश राजधानी, प्रत्येक जिल्ला र सम्भव भएसम्म स्थानीय तहका वडासम्म समेत गर्ने ।

- खोज र उद्धार कार्यको लागि प्रदेश भित्र रहेका ११ वटै जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति मातहतमा खोज र उद्धार सामग्रीहरु भण्डारण गरी राख्ने व्यवस्था मिलाउने । यसमा न्यूनतम १५ जना उद्धारकर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक पर्ने सामग्रीहरु स्थान विशेषको आवश्यकताको आधारमा पहिचान गरी भण्डारणको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने । जिल्ला व्यवस्थापन समितिले हरेक वर्ष नियमितरुपमा सर्वसाधारण समेतको सचेतना अभिवृद्धि हुने गरी सुरक्षा निकायको समन्वय तथा सक्रियतामा विपद् व्यवस्थापनको Simulation Exercise (नमूना अभ्यास) गर्ने गराउने ।

- प्रदेश विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन कोषमा तोकिए अनुरुप नघटाई पर्याप्त मात्रामा रकम मौज्दात कायम राख्ने व्यवस्था मिलाउने ।

- सामाजिक एवं गैर सरकारी संघ-संस्थाहरुको सहयोग समेत लिई प्रकोप व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम प्रदेशका जिल्ला र स्थानीय तहसम्ममा गर्ने । स्थानीयस्तरमा विपद्का घटना घटेका बखत स्वयंसेवी रुपमा तत्काल परिचालन हुने स्वयंसेवक समूहलाई विपद् खोज, उद्धार र राहतका तालिम प्रशिक्षण जिल्ला र स्थानीय विपद् व्यवस्थापन

समितिका साथै गैरसरकारी संघ संस्थाहरुले समन्वयात्मक रुपमा गर्ने ।

- प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्न जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक प्रदेश सरकारद्वारा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह, अन्य अस्थायी संरचना र पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

- खोज तथा उद्धारका लागि आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गर्ने, समन्वय गराउने तथा समुचित प्रवन्ध प्रदेश विपद् व्यवस्थापन समितिको समन्वयमा जिल्ला विपद् व्यवस्थापन समिति एवं स्थानीय विपद् व्यवस्थापन समितिले मिलाउने ।

## ४. आपतकालीन विपद् व्यवस्थापनका लागि खोज, उद्धार तथा राहत वितरण :

- नेपाल सरकारले उपलब्ध गराउने सहयोगको व्यवस्था बमोजिम प्रदेश भित्र प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.५०,०००।- पचास हजार) का दरले मृतकका

परिवारलाई सहयोग उपलब्ध गराउने । यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहको स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिस र प्रत्यक्ष रोहवरमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत गराईनेछ ।

- प्रकोपबाट घर नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका प्रभावित प्रदेशवासीका परिवारलाई तोकिए बमोजिम दोहोरो नपर्ने गरी तत्काल आवश्यक व्यवस्थाको लागि रु.१०,०००।- (दश हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

- प्रदेश भित्र प्रकोपको समयमा प्रभावित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समितिले तत्काल प्रदेश सरकारलाई जानकारी गराई गृह मन्त्रालयमा समेत सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने ।

- प्रकोपमा परी खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका सदस्य संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिले प्रदेश सरकार र प्राधिकरण मार्फत राष्ट्रिय परिषदमा पठाउने ।

- प्रभावितहरुलाई राहत वितरण गर्दा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको स्थानमा सो समिति मार्फत र अन्य ठाउँको हकमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत नै राहत सहयोग उपलब्ध गराउने । यसरी राहत वितरण गर्दा सम्भव भए सम्म प्रदेश सभा एवं प्रतिनिधि सभामा प्रतिनिधित्व रहेका सवै दलका प्रतिनिधि समेतलाई आमन्त्रण गरी स्थानीय, जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिको निर्णयको आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने । तत्काल निर्णय गराई उपलब्ध गराउन नसकिने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समितिको स्वीकृतिमा उपलब्ध गराई समितिको वैठकबाट सो को समर्थन गराउने ।

- घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्णरुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई नेपाल सरकारको तोकिएको व्यवस्था बमोजिम प्रति परिवार रु. १५,०००।- (पन्ध्र हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग स्थानीय विपद् व्यवस्थापन समिति वा जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक छानविन गरी बैठकबाट निर्णय गराएर मात्र दिने । साथै विशेष परिस्थितिको सिर्जना

भएको अवस्थामा थप सहायता उपलब्ध गराउनु पर्ने देखिएमा स्थानीय, जिल्ला र प्रदेश विपद् व्यवस्थापन समितिले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत विपद् जाखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्मा सिफारिस सहित अनुरोध गर्ने ।

- प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भुक्तानी दिने । अस्पतालबाट घर जान घाइतेको मात्र प्रति व्यक्ति रु. १,०००।- (एक हजार) यातायात खर्च दिने ।

- प्रदेशस्तरमा प्रकोपका प्रभावितहरुलाई पुनर्स्थापना तथा पुनर्निर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम वन मन्त्रालय अन्तर्गतको तोकिएको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउने ।

- विपद् प्रभावित परिवारका सदस्य मध्ये उपयुक्त र इच्छुक कुनै एक सदस्यलाई व्यवसायिक वा उद्यमशीलता सम्बन्धी तालिम लिई स्वरोजगार हुन आवश्यक तालिम प्रशिक्षणका लागि जिल्ला/स्थानीय विपद् व्यवस्थापन समितिले निर्णय गरी सम्बन्धित मन्त्रालय/निकायमा प्राधिकरण मार्फत सिफारिस गर्ने ।

- विपद् प्रभावित क्षेत्रमा विपद् पश्चातको लेखाजोखाका आधारमा राहत सामग्री वितरण गर्दा जिल्ला/स्थानीय विपद् व्यवस्थापन समितिले वितरण गर्ने व्यक्ति/संघ संस्थासँगको समन्वयमा एकरुपता कायम हुने र दोहोरो नपर्ने गरी एकद्वार प्रणाली मार्फत राहत उपलब्ध गराउने व्यवस्था गर्ने ।

- भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी बतास, चट्याङ्ग, शीतलहर, हिमपात, डुवान, हिमपहिरो, खडेरी, हिमताल विष्फोटन, ज्वालामुखी विष्फोटन, संक्रामक महामारी, सर्पदंश, औद्योगिक दूर्घटना, निकुञ्ज एवं आरक्षणबाट जनावर बस्तीमा पसी गरेको क्षतिका साथै प्रकोपका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

- असिनापानी, बतास, खडेरी आदि प्राकृतिक विपद् र निकुञ्ज एवं आरक्षणका जनावर खेतीबालीमा पसी नोक्सान पुर्‍याएका कारण ठूलो क्षेत्रमा व्यापकरुपले बालीनालीको नोक्सानी भएमा सो को यथोचित मूल्यांकन गरी जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित निकाय, स्थानीय तह, प्रदेश र संघसँग समेत आवश्यकतानुसार समन्वय गरी राहत उपलब्ध गराउने ।

- प्रदेशमा आईपर्न सक्ने प्राकृतिक एवं गैरप्राकृतिक विपद्बाट पर्न सक्ने ठूलो आर्थिक जोखिमबाट बच्न पशुचौपाया, बालीनाली, भौतिक संरचना आदिको बीमाको व्यवस्था र सम्भाव्यता हेरी स्थानीय तहले स्थानीय विपद् व्यवस्थापन समिति मार्फत बीमाको व्यवस्था मिलाउने ।

- राहत तथा उद्धार कार्य सञ्चालन गर्नु पर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि रु. ५,०००।-(पाँच हजार) मा नबढाई स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार प्रभावित क्षेत्रको स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिले खर्च गर्न सक्ने ।

- निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा सम्बन्धित विषयगत निकायको मूल्यांकन एवं सिफारिस र स्थलगत अनुगमनका आधारमा स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिले घटना भएको ३० दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र घटनाको स्थलगत प्रहरी मुचुल्का र वडाको यकिन सिफारिसका आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

- विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा तोकिएको राष्ट्रिय/अन्तर्राष्ट्रिय मापदण्ड र गुणस्तरका

राहत सामग्री मात्र वितरण गर्ने । मानवीय आत्मसम्मान र उपभोक्ता हित विपरित मापदण्ड र गुणस्तरहीन सामग्री उपलब्ध नगराउने ।

- विपद् प्रभावित परिवारका लागि दैनिक उपभोग्य र खाद्य सामग्री राहत स्वरुप वितरण गर्दा एकमुष्ठ पारिवारिक पोका (Family Package) मा उपलब्ध गराउने ।

## ५. सूचना व्यवस्थापन, अनुगमन र मूल्यांकन :

- राष्ट्रिय सम्पर्क केन्द्र (National Focal Point) को वेभसाईटमा प्रदेशस्तरीय विपद् सम्बन्धी सूचनाको प्रवाह (Dissemination) लाई व्यवस्थित र सहज बनाउन सहयोग गर्ने ।

- देशव्यापी हुन सक्ने विपद्लाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारीरुपमा संचालन तथा व्यवस्थापन गर्नको लागि गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको परिकल्पना गरेको छ । विपद् सम्बन्धी स्थानीय र जिल्लास्तरीय प्रकोपको घटनासम्बन्धी तथ्यांक स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिबाट संकलन गरी प्रदेशले अद्यावधिक

गर्ने, वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने र सो को जानकारी प्राधिकरण मार्फत परिषद्मा पठाउने ।

- प्रदेश विपद् व्यवस्थापन समितिले आफु मातहतका जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुले गरेका प्रकोप व्यवस्थापन सम्बन्धी कामहरुको कम्तिमा वर्षको एक पटक अनुगमन गरी प्राधिकरणमार्फत राष्ट्रिय परिषदमा प्रतिवेदन पेश गर्ने ।

- प्रदेश विपद् व्यवस्थापन समितिले आफ्नो प्रदेशभित्र प्रकोप व्यवस्थापनका क्षेत्रमा गरेका कामहरुको आवश्यकताअनुसार सुपरीवेक्षण गर्न टोली खटाई प्रतिवेदन लिने ।

- प्रदेश भित्र प्रकोप प्रभावित उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियतापूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्ति, व्यवसायी, सामाजिक संघ-संस्था एवं राष्ट्रसेवक कर्मचारीहरुलाई प्रदेश विपद् व्यवस्थापन समितिको सिफारिसमा प्रदेश सरकार तथा नेपाल सरकारले उचित सम्मान एवं पुरस्कारको व्यवस्था मिलाउने ।

*सतर्कता अपनाऔं, विपद्बाट बचौं !*
*स्मरण रहोस् विपद बाजा बजाएर आउँदैन !*

---

☞ *कतिपय विपद्का घटनाहरू हाम्रै मानवीय कमजोरीका कारण पनि हुन्छन् । आगलागी, बाढी, पहिरो र सवारी दूर्घटना जस्ता घटनामा घटना घट्नु अघि र पछि पनि मानवीय संवेदनशीलताको महत्वपूर्ण भूमिका हुन्छ ।*

- ✓ **वन जोगाऔं, हरियाली बढाऔं ।**
- ✓ **विकास निर्माणका कार्यमा वातावरणीय सन्तुलनमा ध्यान दिऔं ।**
- ✓ **सुख्या याममा आगलागीबाट बच्न सलाई, लाइटर जस्ता ज्वलनशील वस्तु बालबालिकाको पहुंचबाट टाढा राखौं ।**
- ✓ **नदि किनारामा रुख रोपेर जैविक बांध बनाऊं, बाढी र डुवानको जोखिम कम गरौं ।**
- ✓ **स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई सक्रिय पारौं । विपद्को जोखिमबारे समुदायलाई पूर्वसचेत बनाऔं ।**

*आन्तरिक मामिला तथा कानून मन्त्रालय,*
*प्रदेश नं. ४, पोखरा, नेपाल*